प्रदेश सरकार
कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर

# व्यवसायीक पशुपालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

प्रस्तावना: व्यवसायीक पशुपालन कार्यक्रम व्यवस्थित, पारदर्शि र प्रभावकारी ढङ्गले सञ्चालन गर्न वाञ्छनीय भएकोले,

"प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५" को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ को प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "व्यवसायीक पशुपालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(१) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले कार्यक्रम सञ्चालनका लागि सम्बन्धित साझेदारलाई प्रदेश सरकारवाट प्रदान गरिने रकमलाई सम्झनु पर्दछ ।

(ख) "कार्यविधि" भन्नाले व्यवसायीक पशुपालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ सम्झनु पर्दछ ।

(ग) "कार्यक्रम" भन्नाले व्यवसायीक पशुपालन कार्यक्रम सम्झनु पर्दछ ।

(घ) "कार्यालय प्रमुख" भन्नाले सम्बन्धित कार्यालयको प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्दछ ।

(च) "पकेट क्षेत्र" भन्नाले तुलनात्मक हिसाबले निश्चित जातका पशुहरुको संख्यात्मक उपस्थिति बढि भएको तथा भौगोलिक र वातावरणिय उपयुक्तताका कारण त्यस्ता पशुपालन प्रवर्द्धन गरिएको वा गर्न सकिने क्षेत्रलाई सम्झनु पर्दछ ।

(छ) "पशुजन्य उत्पादन" भन्नाले दूध, फुल, मासु वा सोबाट तयार हुने प्रशोधित वा अप्रशोधित उपभोग्य खाद्य पदार्थ सम्झनु पर्दछ ।

(ज) "प्रस्ताव" भन्नाले सम्बन्धित कार्यालयले यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने सिलशिलामा जारी गरेको सार्वजनिक सूचना अनुसार प्रस्तावकले निर्धारित ढाँचामा तयार गरि पेश गरेको अवधारणा पत्र र अन्य आवश्यक कागजातहरुलाई समेत सम्झनु पर्दछ ।

(झ) "प्रस्तावक" भन्नाले यो कार्यक्रम वमोजिम प्रस्ताव पेश गर्न योग्य रहेका कृषि/पशु समूह/समिति/सहकारी संघ/संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ञ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

(ट) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्दछ ।



सचिव                प्रमुख सचिव

(ट) "साझेदार" भन्नाले लागत सहभागितामा व्यवसायीक पशुपालन कार्यक्रम सञ्चालन गर्नका लागि सम्बन्धित कार्यालय संग द्विपक्षीय सम्झौता भएका संस्थालाई सम्झनु पर्दछ ।

(ड) "समूह" भन्नाले कम्तिमा दश जना कृषकहरु प्रचलित कानून बमोजिमको आधिकारिक निकायमा दर्ता वा अभिलेखित भई बनेको कृषक समूहलाई सम्झनु पर्दछ ।

(ढ) "समिति" भन्नाले कम्तिमा पाँच वटा कृषक समूहको प्रतिनिधित्व हुने गरि विधानतः गठित र सम्बन्धित निकायबाट आधिकारिकता प्रदत्त समितिलाई सम्झनु पर्दछ ।

(ण) "सम्बन्धित कार्यालय" भन्नाले कार्यक्रम सञ्चालनको अख्तियारी प्राप्त निकायलाई सम्झनु पर्दछ ।

(त) "संस्था" भन्नाले नियमानुसारको आधिकारिक निकायमा दर्ता भएका कृषि/पशु/दुग्ध उत्पादक कृषक/समूह/समिति/सहकारी संस्थाहरुलाई सम्झनु पर्दछ ।

३. <u>उद्देश्यहरुः</u> यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छनः-

(क) पशुपालन क्षेत्रको व्यवसायीक रुपान्तरणमा सहयोग पुर्याउने ।

(ख) उन्नत नश्लका पशुहरुको उपलब्धता र उत्पादकत्व अभिबृद्धि गर्ने ।

(ग) असल पशुपालन अभ्यास अनुशरण गर्न प्रेरित गर्दै स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय पशुजन्य उत्पादन प्रवर्द्धन गर्ने ।

(घ) पशुपालन पकेट क्षेत्रको बजार सम्मको पहुँच विस्तार गरि पशुजन्य उत्पादनको बजारिकरणमा सहयोग पुर्याउने ।

## परिच्छेद -२

## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

४. <u>कार्यक्रम संचालन अवधिः</u> सम्झौता भएको दुई वर्ष भित्रमा सम्झौता मुताविकका कार्यक्रम सम्पन्न गर्नु पर्नेछ ।

५. <u>सम्भावित साझेदारहरुः</u> कृषि/पशु/दुग्ध सहकारी संघ/संस्था, पशुपालक कृषक समूह/समिति पशुपालन क्षेत्रमा कृयाशिल व्यवसायीक संघ/संगठन हरु साझेदार संस्थाहरु हुने छन् ।

६. <u>अनुदान रकमबाट सञ्चालन गर्न सकिने कार्यक्रमहरुः</u> यस कार्यक्रम अन्तर्गत प्राप्त हुने अनुदान रकम देहाय बमोजिमका कृयाकलापमा खर्च गर्न सकिनेछः-

(१) गोठ/खोर निर्माण सुधार तथा जैविक सुरक्षाका उपायहरुको अवलम्वन

(२) उन्नत नश्लका पशु ढुवानी अनुदान

(३) मिल्क बकेट, क्यान, कन्टेनर

(४) पशुपालन फार्मका लागि आवश्यक मेशिनरी/ औजार/ उपकरण

(५) दूध, फुल र मासुजन्य उत्पादन विविधिकरण



सचिव

प्रमुख सचिव

(६) पशु आहारा विकास सम्वन्धि कृयाकलाप

(७) दूध चिस्यान र दुधको बजारीकरण संग सम्वन्धित

(८) फार्मका लागि पानीको प्रवन्ध र पानि तान्ने मोटर

(९) पशु उपचार र प्रयोगशाला सेवा

(१०) पशु खोप र पशु नश्ल सुधार

(११) सम्बन्धित कार्यालयको सहमतिमा व्यवसायीक पशुपालनका लागि आवश्यक ठानिएका अन्य कृयाकलापहरु समेत द्विपक्षीय सम्झौतामा उल्लेख गरि गर्न सकिनेछ ।

७. <u>अनुदान प्रवाहका शर्तहरु:</u> (१) प्रचलित कानून बमोजिम आधिकारिक निकायमा दर्ता भएका साझेदारहरु संग मात्र यो कार्यक्रम सञ्चालनका लागि साझेदारी गरिनेछ ।

(२) अनुदान प्राप्त गर्ने साझेदारले कम्तिमा दश बर्ष सम्म व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(३) सम्बन्धित साझेदारले स्वच्छ उत्पादन विधि (Hygienic Code of Practice) परिपालना गर्नु पर्नेछ ।

(४) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कारवाही हुनेछ ।

(५) साझेदार संस्था कर चुक्ता, स्थायी लेखा नम्बर र अडिट रिपोर्ट पेश गर्नु पर्ने तथा कुनै कारवाहीमा नपरेको हुनु पर्नेछ ।

(६) व्यवसायीक फार्म राम्रो गुणस्तर तथा उत्पादन क्षमता भएका स्वस्थ्य पशुहरुको छनौट र ट्यागिङ्ग गरी अभिलेख राख्नु पर्नेछ ।

(७) पशुको गोठ/खोर हावापानी सुहाउँदो, बैज्ञानिक, सफा र हावादार हुनु पर्नेछ ।

(८) साझेदारले असल व्यवस्थापन विधि जस्तै टिट डिपिङ्ग, परजिवी नियन्त्रण, पशु खोप आदि अवलम्बन गरि सो को विवरण अध्यावधिक गरि राख्नु पर्नेछ ।

(९) साझेदारले घाँसमा आधारित पशुपालनको लागि मौसम र सम्भावना अनुसारका हिउँदे, वर्षे र वहुवर्षिय घाँस खेति तथा साईलेज प्रविधि अवलम्वन गर्नु पर्नेछ ।

(१०) साझेदारले पालेका पशुहरुको अनिवार्य रुपमा विमा गरेको हुनु पर्नेछ ।

८. <u>कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्व:</u> (१) कार्यक्रम कार्यान्वयनका सिलशिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानि सम्वन्धि जिम्मेवारी र दायित्व सम्बन्धित अख्तियार प्राप्त कार्यालयको हुनेछ ।

(२) सम्झौता मुताविकको कार्य निर्धारित समय सिमा भित्र सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

(३) साझेदार संस्थाले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्वन्धित कार्यालय वा अन्य निकाय र क्षेत्रवाट समेत प्राप्त वा खरिद गर्न सक्नेछ ।



प्रमुख सचिव

(४) अनुदानग्राहीले *अनुसूची– ११* बमोजिम कार्यक्रम सञ्चालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

९. <u>कार्यक्रम कार्यान्वयन प्रकृया</u>: (१) सम्बन्धित कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम मुताविक *अनुसूची– १* बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

(१) कार्यक्रममा सहभागी हुन ईच्छुक प्रस्तावकहरुले *अनुसूची– २* बमोजिमको आवेदन, *अनुसूची– ३* बमोजिमको संक्षिप्त कार्ययोजना, *अनुसूची– ४* बमोजिमको लागत साझेदारीको प्रतिवद्धता पत्र, *अनुसूची– ५* बमोजिमको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र र अन्य सान्दर्भिक कागजातहरु संलग्न राखि निर्धारित समय भित्र सम्बन्धित कार्यालयमा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

(२) दफा ९ को उपदफा (१) बमोजिमको सूचनामा प्रयाप्त प्रस्तावहरु दर्ता हुन नआएमा सम्बन्धित कार्यालयले म्याद थप गरेको सात दिने सूचना प्रकाशन गर्न सक्नेछ ।

(३) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

(४) उपयुक्तताका आधारमा प्राप्त आवेदनहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेसन र सिफारिसका लागि निम्न बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहने छः-

| | |
|---|---|
| (क) प्रमुख, पशुपन्छी विकास महाशाखा | संयोजक |
| (ख) प्रमुख, योजना तथा अनुगमन महाशाखा | सदस्य |
| (ग) कानून अधिकृत | सदस्य |
| (घ) प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| (ङ) अधिकृत, पशुपन्छी व्यवसाय प्रबर्द्धन शाखा | सदस्य |
| (च) पशु स्वास्थ्य तथा नियमन शाखा | सदस्य |
| (छ) अधिकृत, पशुपन्छी उत्पादन तथा तथ्याङ्क व्यवस्थापन शाखा | सदस्य-सचिव |

(५) समितिले आवश्यकता अनुसार बढिमा दुई जना आमन्त्रण गर्न सक्नेछन ।

(६) रितपूर्वक दर्ता हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेशनका लागि उपयुक्त प्रस्तावहरुको सूचि तथा छनौट भएका प्रस्तावहरुको प्राथमिकिकरण सहितको अन्तिम सूची तयार गर्ने जिम्मेवारी समितिको सदस्य– सचिवको हुनेछ ।

(७) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले प्राविधिक टोली परिचालन गरि फिल्ड भेरिफिकेसन गर्नेछ तथा आवश्यक ठानेमा समिति स्वयंले समेत प्रस्ताव सिफारिस गर्नु पूर्व स्थलगत अनुगमन गर्न सक्नेछ ।

प्रमुख सचिव

(८) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले *अनुसूची*– ६ र *अनुसूची*– ७ बमोजिम कुल प्राप्ताङ्कको आधारमा तयार गरेको *अनुसूची*– ८ बमोजिम प्राथमिकिकरण सहितको सूची स्वीकृतिका लागि मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नेछ ।

(१०) स्वीकृति भएका र बैकल्पिक छनौटमा परेका प्रस्तावहरुको नामावली र सम्झौता गर्न आउने म्याद समेत तोकि सम्बन्धित कार्यालयले सूचना जारी गर्नेछ ।

१०. <u>सम्झौताः</u> (१) स्वीकृत प्रस्तावका आवेदकहरु संग सम्बन्धीत कार्यालयले *अनुसूची*–९ बमोजिमको द्विपक्षीय सम्झौता गरि कार्यक्रम कार्यान्वयन गर्नेछ ।

(२) सम्झौताको जानकारी सम्बन्धित स्थानिय तहमा पठाईनेछ ।

(३) तोकिएको अवधि भित्र द्विपक्षीय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावकसंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(४) द्विपक्षीय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

११. <u>भुक्तानी प्रकियाः</u> (१) बार्षिक स्वीकृत कार्यक्रम वजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सिमा तोकिनेछ । अर्थातः सम्वन्धित कार्यालयले प्रदान गर्ने अनुदान रकमलाई कार्यक्रम सञ्चालन लागतको पचहत्तर प्रतिशत बराबर मानी बाँकी पच्चिस प्रतिशत रकम सम्बन्धित साझेदार संस्थाले व्यहोर्नु पर्नेछ ।

(२) साझेदारले व्यहोर्ने घटिमा पच्चिस प्रतिशत साझेदारी रकममा जग्गा र चालु खर्च वापतको रकम समावेश हुने छैन ।

(३) सम्पन्न भएका कृयाकलापहरुको अनुदान रकम बढीमा दुई किस्तामा साझेदारको बैंक खातामा भुक्तानी दिईनेछ । तर कार्य सम्पन्न भएको अवस्थामा एकै किस्तामा अनुदान रकम भुक्तानी गर्न बाधा पर्ने छैन ।

(४) भुक्तानी गरिने रकमबाट तिन प्रतिशत कन्टिनजेन्सी वापत र नियमानुसारका अन्य सरकारी कर कट्टा गरि बाँकी रकम उपलब्ध गराईनेछ । सो कन्टेजेन्सी रकमबाट सम्बन्धित कार्यालयले आवश्यकता अनुसार समितिहरुको बैठक, कार्यक्रम अनुगमन निरिक्षण, सरोकारवालाहरु सँग अन्तरक्रिया गोष्ठी, भ्रमण, अवलोकन, कार्यालय सञ्चालन आदिमा खर्च गर्न सक्नेछ ।

(५) सम्बन्धित साझेदारले शूरुमा आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारको कार्य सम्पन्न गरी नियमानुसारको विल/विजक, दाखिला रिपोर्ट, नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको प्रतिवेदन, रनिङ्ग विल, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्वन्धीत कार्यालयले

सचिव



प्रमुख सचिव

स्थलगत निरीक्षण गरी मनासिब ठहरेमा रनिङ विलको आधारमा सम्पन्न भएको कामको भुक्तानी दिनेछ ।

(६) अन्तिम भुक्तानीका लागि आवश्यक विल/विजक, दाखिला रिपोर्ट, नेपाल सरकारवाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको मेजरमेन्ट बुक, कार्य सम्पन्न प्रतिवेदन, प्राविधिक प्रतिवेदन र सम्बन्धित कार्यालय वा मातहत निकायका प्राविधिकको स्थलगत निरीक्षण प्रतिवेदन एवं भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(७) अनुदानग्राहीले कार्य सम्पन्न भए पश्चात सम्बन्धित सरोकारवालहरुको सहभागितामा सार्वजनिक सुनवाई गर्नु पर्नेछ र सो को प्रतिवेदन अन्तिम भुक्तानीका बखत कार्य सम्पन्न प्रतिवेदन सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

१२. <u>अनुगमन र मूल्याङ्कनः</u> (१) आवश्यकता अनुसार सम्वन्धित सरोकावालाहरुबाट र भुक्तानी प्रयोजनको लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलीहरुबाट कार्यक्रमको अनुगमन/मूल्याङ्कन गर्न सकिनेछ ।

(२) अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमका शर्तहरु पालन गरे/नगरेको सम्बन्धमा सम्बन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ ।

(३) अनुगमन टोलीले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालन गर्नु सम्बन्धित साझेदारको कर्तव्य हुनेछ ।

(४) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड तयार गरी अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरी सार्वजनिक जानकारीको लागि राख्नु पर्नेछ ।

(५) सम्बन्धित कार्यालयले समय समयमा अनुसूची– १० बमोजिम अनुगमन गर्न कर्मचारीहरु खटाउन सक्नेछ ।

सचिव

प्रमुख सचिव

परिच्छेद ४

विविध

१३. कारवाहीः यो कार्यविधि बमोजिम अनुदानको दुरुपयोग भएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरिनेछ ।

१४. आर्थिक प्रशासन सेवाः कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद कार्यविधि, २०६४ तथा प्रादेशिक र संघिय सरकारका प्रचलित कानून बमोजिम हुनेछ ।

१५. प्रचलित कानून लागु हुनेः कार्यक्रम कार्यान्वयनको सम्वन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१६. बाधा अड्काउ फुकाउनेः यो कार्यविधि बमोजिम कार्य सम्पादन गर्न कुनै वाधा अडकाउ परेमा मन्त्रालयले आवश्यक निर्णय गरी त्यस्तो वाधा अडकाउ फुकाउन सक्नेछ ।

१७. खारेजी एवं संशोधनः प्रदेश सरकारले आवश्यकता अनुसार यो कार्यविधि खारेजी वा संसोधन गर्न सक्नेछ ।

प्रमुख सचिव

अनुसूची- १

## व्यवसायीक पशुपालन कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०/.../....

यस मन्त्रालयको आ.व. २०.../.... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि तोकिए बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न इच्छुक कृषि/पशु/दुग्ध सहकारी संस्था, व्यवसायीक संघसंस्था र पशुपालक कृषक समूह/समितिले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र औं दिन सम्म कार्यालय समय भित्र तोकिएको कार्यालयहरुमा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएकोछ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । थप जानकारीका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको फोन नं.......................मा समा सम्पर्क राख्नु हुन वा मन्त्रालयको वेभसाईड molmac.p1.gov.np बाट व्यवसायीक पशुपालन कार्यक्रम संचालन कार्यविधि, २०७६ डाउनलोड गरी थप जानकारी लिन सकिनेछ ।

कार्यक्रम विवरण

| क.सं. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| | | | | |

आवेदन साथ संलग्न हुनु पर्ने कागजातहरु:

(१) रु. पाँच शय तिरेको राजश्व रसिद ।
(२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
(३) अनुसूची– २ बमोजिमको आवेदन ।
(४) अनुसूची– ३ बमोजिमको संक्षिप्त कार्ययोजना ।
(५) अनुसूची– ४ बमोजिमको लागत साझेदारीको प्रतिबद्धता पत्र ।
(६) अनुसूची– ५ बमोजिम विज्ञ केन्द्र/ स्थानिय तहको सिफारिस पत्र ।
(७) संस्थाको संचालक समितिबाट कार्यक्रम कार्यान्वयन गर्ने निर्णयको प्रतिलिपि ।
(८) संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाण पत्रहरुका (तालिम, शैक्षिक योग्यता आदि) प्रतिलिपि ।
(९) दर्ता, नविकरण, भ्याट, प्यान प्रमाणपत्रको प्रतिलिपि ।
(१०) अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी आदी।

प्रमुख सचिव

## व्यवसायीक पशुपालन कार्यक्रम सञ्चालनको आवेदन

श्रीमान् सचिव ज्यू
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. १ बिराटनगर

**विषयः कार्यक्रम सञ्चालनमा सहभागी हुन पाउँ भन्ने बारे ।**

महोदय,

तहाँ मन्त्रालयको मिति.....................को ...............मा प्रकाशित सूचना अनुसार व्यवसायीक पशुपालन कार्यक्रम सञ्चालन गर्ने ईच्छा भएकाले तपसिल अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेकोछु । उक्त कार्यक्रम प्राप्त भएमा द्विपक्षीय सम्झौता र कार्यविधिका शर्त र मापदण्डहरु परिपालना गरि कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता गर्दछु साथै सम्झौता र मापदण्ड विपरित गरेको पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदारी हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

| क्र.सं. | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |
| १० | | |

आवेदकको नामः

ठेगानाः

दस्तखतः

मितिः

संस्थाको छापः

## अनुसूची-३

## व्यवसायीक पशुपालन कार्यक्रमको संक्षिप्त कार्ययोजना

| १. संस्था सक्षिप्त विवरण: | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| संस्था स्थापना भएको मिति | |
| संस्था दर्ता भएको मिति र निकाय | |
| संस्थाको टेलिफोन नम्बर | |
| सम्पर्क व्यक्तिको नाम | |
| सम्पर्क व्यक्तिको मोवाईल/टेलिफोन नं. | |
| इमेल | |

२. संस्थामा आवद्ध सदस्यको नाम, पालेको पशु संख्या र उत्पादन विवरण

(छुट्टै पानामा संलग्न गर्न सकिने)

| ३. संस्थाको अनुभव र अन्य विवरण | |
|---|---|
| बिगतमा गरेका कामहरुको संक्षिप्त विवरण | |
| विद्यमान वित्तीय, मानविय र भौतिक श्रोतको विवरण | |

| ४. कार्यक्रम सञ्चालन सम्बन्धि समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घर परिवार संख्या | |
|---|---|
| संस्थाले भोगेका वा अनभूत गरेका व्यवसायगत समस्या | |
| कार्य योजना किन र केका लागि पेश गरिएको हो | |
| प्रस्तावित कार्यक्रमको उद्देश्य | |
| लाभान्वित घर परिवार संख्या (प्रत्यक्षर अप्रत्यक्ष) | |

| ५. कार्यक्रम सञ्चालन प्रकृया | |
|---|---|
| प्रस्तावित कार्यक्रम कसरी सञ्चालन गरिन्छ | |

| ६. कार्यक्रमबाट हासिल हुने उपलब्धिहरु | |
|---|---|
| कार्यक्षेत्र विस्तार | |
| उत्पादन बृद्धि (दैनिक/ मासिक/वार्षिक परिमाण( मे.ट.) | |
| जिविकोपार्जन तथा जिवन स्तरमा सुधार | |
| रोजगारी तथा आर्थिक अवस्थामा सुधार | |

प्रदेश सरकार
कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

आर्थिक प्रस्ताव

प्रस्तावित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण :

| क्र. सं. | मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रति इकाई दर (रु.) | कुल लागत (रु.) | प्रस्तावको योगदान (रु.) | सम्वन्धित कार्यालयको अनुदानबाट व्यहोरिने रकम (रु.) | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा (रु.) | | | | | | | | |

माथि उल्लेखित विवरणहरु ठिक साँचो छ । झुठा ठहरे कानुन बमोजिम सजायको भागिदार हुनेछु ।

जिम्मेवारी पदाधिकारीको

| | |
|---|---|
| नाम | |
| पद | |
| हस्ताक्षर | |
| मिति | |
| छाप | |

*आवेदकको योगदानमा जग्गाको मूल्य र चालु खर्च समावेस गर्न पाइने छैन ।*

अनुसूची–५

## लागत साझेदारीको प्रतिबद्धता

प्रदेश सरकार ........................... मन्त्रालयको मिति ....................... को ......................... मा प्रकाशित सूचना अनुसार ........................ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ..........नं. वडा ................. गाउँ/टोल स्थायी ठेगाना भएको श्री .......................................... ले लागत साझेदारीमा .......................................... कार्यक्रम सञ्चालनका लागि पेश गरेको कार्ययोजना अनुसार अनुमानित कूल लागत रु ........... को ......... प्रतिशतले हुन आउने रु ...................... अक्षरुपी.................... बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

| बायाँ | दायाँ |
|---|---|
| | |

निवेदकको

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/स्थानिय तहको सिफारिस पत्र

श्रीमान् सचिव ज्यू
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.१ बिराटनगर

**बिषयः सिफारिस गरिएको बारे ।**

उपरोक्त सम्बन्धमा प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मिति ........................ ........................ मा प्रकाशित सूचना मुताविक ........................ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ...........नं. वडा ................. गाउँ/टोल स्थायी ठेगाना भएको श्री .......................................... ले लागत साझेदारीमा .............................................. कार्यक्रम सञ्चालनका लागि सिफारिस पाउँ भनि यस कार्यालयमा निवेदन दिएकोमा संलग्न कागजातहरुको अध्ययन तथा आवश्यक जाँचवुझ गर्दा निजले पेश गरेका विवरणहरु सही रहेकोले प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्नेको
दस्तखतः
नामः
मितिः
छापः

अनुसूची-६

## स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम

(क) सामान्य जानकारी

(१) जिल्लाः

(२) आवेदकको नामः

(३) स्थायी ठेगानाः

(४) प्रस्तावित कार्यक्रमको नामः

(५) स्थलगत प्रमाणिकरण मितिः

(ख) आवेदकको मूल्याङ्कन

| क्र.सं. | मूल्याकङ्कनका सूचकहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | *भौतिक क्षमता* | ३० | |
| १.१ | आवेदकको पृष्ठभूमि र प्रस्तावित कार्यक्रम बिच तालमेल भए/नभएको | ६ | |
| १.२ | भविष्यमा कार्यक्रम विस्तारका लागि संभावना छ/छैन | ६ | |
| १.३ | व्यवसाय अनुसार पूर्वाधारहरुको व्यवस्था | ६ | |
| १.४ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, विजुलीको सुविधा छ/छैन | ६ | |
| १.५ | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त छ/छैन | ६ | |
| २ | *प्राविधिक क्षमता* | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | १० | |
| २.२ | आवश्यक प्राविधिक सेवाटेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | ५ | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ/छैन | ५ | |
| ३ | *वित्तिय क्षमता* | ५ | |
| ४ | वातावरणीय/हावापानीको हिसाबले उपयुक्त छ/छैन | १० | |
| ५ | अन्य पक्षहरु | २० | |
| ५.१ | संस्थागत/व्यवसायीक कृयाशिलता सन्तोषजनक छ/छैन | ५ | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | ५ | |



सचिव

| क.सं. | मूल्याकङ्कनका सूचकहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| ५.३ | घाँसखेतीका लागी आवश्यक जमिन उपलव्ध हुन सक्ने अवस्था छ/छैन | ५ | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारिकरण हुन सक्ने अवस्था छ/छैन | ५ | |
| ६ | स्थलगत टोलीको राय | २० | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्न उपयुक्त छ/छैन | २० | |
| | जम्मा | १०० | |

कूल पचास अङ्क प्राप्त गर्न सफल प्रस्तावहरुको प्राथमिकिकरण गरिने छ । अन्यथा पचास भन्दा कम अङ्क प्राप्त गरेका प्रस्तावहरु छनौटका लागि प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिमा पेश गरिने छैन ।

(ग) आवेदकसंग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरुको विवरण

| क.सं. | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

(घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने

(१)
(२)
(३)
(४)

(ङ) स्थलगत प्रमाणिकरण टोलको राय

| क.सं. | स्थलगत गर्ने पदाधिकारीहरुको नाम | पद | हुन्छ/हुँदैन | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-७
नं.-१

## कार्ययोजना मूल्यांकन फारम

| क्र. सं. | मूल्यांकनका आधारहरु | भार (प्रतिशत) | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | संस्थाको उमेर र अनुभव | १० | |
| १.१ | १ वर्ष भन्दा घटी | २ | |
| १.२ | २ देखि २ वर्ष सम्म | ३ | |
| १.३ | २ देखि ३ वर्ष सम्म | ४ | |
| १.४ | ३ देखि ४ वर्ष | ५ | |
| १.५ | ५ भन्दा बढी | १० | |
| २ | कार्यक्रम कार्यन्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | २० | |
| २.१ | सडक सुविधा भएको | ४ | |
| २.२ | विजुलीको सुविधा भएको | ३ | |
| २.३ | खानेपानीको सुविधा भएको | ३ | |
| २.४ | घाँस खेति गरिएको जग्गा वा भविष्यमा घाँस विस्तारको सम्भावना | ५ | |
| २.५ | संस्थाको स्वामित्वको भवन, भौतिक पूर्वाधार, सवारी साधन, यन्त्र उपकरण भएको | ५ | |
| ३ | प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (संस्थाको हकमा स्थायी कामदारहरुको) | ५ | |
| ३.१ | ७ दिन अवधि सम्मको तालिम | १ | |
| ३.२ | ७ देखि १५ दिन अवधि सम्मको तालिम | २ | |
| ३.३ | १६ देखि ३० दिन अवधि सम्मको तालिम | ३ | |
| ३.४ | १ महिना देखि ३ महिना अवधि सम्मको तालिम | ४ | |
| ३.५ | ३ महिना भन्दा बढी अवधिको तालिम | ५ | |
| ४ | वित्तिय क्षमता | ५ | |
| ५ | प्रत्यक्ष लाभान्वित संख्या | १५ | |
| ५.१ | ५० भन्दा कम | ५ | |
| ५.२ | ५१ देखि ९९ जना सम्म | १० | |
| ५.३ | १०० देखि माथि | १५ | |
| ६ | वातावरणीय/हावापानी उपयुक्तता | ५ | |
| ७ | अन्य पक्षहरु | १० | |

| क्र. सं. | मूल्यांकनका आधारहरु | भार (प्रतिशत) | प्राप्ताङ्क |
|---|---|---|---|
| ७.१ | हालको काम र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | ५ | |
| ७.२ | संस्थाको अवस्थिती र प्रस्तावित कार्यक्रम सञ्चालन स्थल विचको तादात्म्यता | ५ | |
| ८ | स्वीकृत कार्यविधि अनुसारका थप आधारहरु | ३० | |
| ८.१ | प्रस्ताव आव्हानको सूचना मूताविक सम्वन्धित कार्यालयको प्राथमिकता र आवेदकको तालमेल | ५ | |
| ८.२ | आर्थिक प्रस्तावको गुणस्तर | ५ | |
| ८.३ | प्राविधिक प्रस्तावको गुणस्तर | १० | |
| ८.४ | व्यवसायीक कार्ययोजनाको स्पष्टता | ५ | |
| ८.५ | कार्यविधि अनुसारका फर्मेट र प्रावधानको हेक्का राखिएको | ५ | |
| | जम्मा | १०० | |

उपरोक्तानुसार व्यवसाय योजनाको मूल्याङ्कन गर्दा न्यूनतम पचास प्रतिशत अङ्क प्राप्त गरेका प्रस्तावहरु मात्र छनौटको प्रतिष्पर्धामा सामेल हुनेछन् ।

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.-१
विराटनगर, नेपाल

अनुसूची

<u>व्यवसायीक पशुपालन कार्यक्रम सञ्चालन सम्बन्धि प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारम</u>

<table>
<tr><th>क्र.सं</th><th>द. नं.</th><th>आवेदक संस्थाको नाम</th><th>ठेगाना</th><th>स्थलगत प्रमाणिकरणको प्राप्ताङ्क (१००)</th><th>कार्ययोजना मूल्याङ्कनको प्राप्ताङ्क (१००)</th><th>स्थलगत प्रमाणिकरण टोलिको राय (२०)</th><th>हाल पालिरहेको पशु संख्या (३०)</th><th>कुल प्राप्ताङ्क (२५०)</th><th>कैफियत</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td rowspan="5">कूल प्राप्ताङ्कको आधारमा प्राथमिकिकरण गर्ने</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

उपरोक्त प्राथमिकिकरण सहितको सूचि अन्तिम छनौट र स्विकृतिका लागि पेश गर्ने प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिका पदाधिकारीहरु:

| सि.नं. | नाम थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रमाणित

अनुसूची-१

## व्यवसायीक पशुपालन कार्यक्रम सञ्चालनका लागि सम्झौता पत्र

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. विराटनगर को आ.व. २०....... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार व्यवसायीक पशुपालन कार्यक्रम सञ्चालनका लागि मिति ............ गतेको ..........को प्रथम पटक प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये व्यवसायीक पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को प्रावधान वमोजिम मन्त्रालयको मिति ......... गतेको ..........स्तरीय निर्णयबाट ......................को प्रस्ताव छनौट भएको हुँदा श्री ...............*(यस पछि प्रथम पक्ष भनिने)* र श्री .................को *(यस पछि दोश्रो पक्ष भनिने)* का वीच तपसिल वमोजिमका शर्तहरु पालना गरि कार्यक्रम संचालन गर्न मन्जुर भई यो द्विपक्षीय सम्झौता गरिदियौं/ लियौं । इति सम्बत .........साल .......महिना ....... गते ...... रोज शुभम् ।

### तपसिल

(१) व्यवसायीक पशुपालन कार्यक्रम .......जिल्ला......महा/उपमहा/नगर/ गाउँपालिका .......... वडामा सञ्चालन गरिनेछ ।

(२) दोश्रो पक्षले पेश गरेको कार्ययोजना मुताविकका निम्न कृयाकलापहरु सञ्चालनका लागि प्रथम पक्षले प्रदान गर्ने अनुदान रकम बढिमा २ किस्तामा उपलब्ध गराउनेछ ।

| *क.स.* | *कृयाकलाप विवरण* | *अनुमानित लागत रु.* | *प्रथम पक्षले व्यहोर्ने रु.* | *दोश्रो पक्षले व्यहोर्ने रु.* |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | जम्मा | | | |
| अक्षरुपी | | | | |

(३) प्रथम पक्षले प्रदान गर्ने अनुदान रकमबाट ३(तिन) प्रतिशत कन्टिजेन्सी वापत र नियमानुसारका अन्य कर कट्टा गरी बाँकी रकम दोश्रो पक्षको बैङ्क खाता माफत भुक्तानी दिनेछ ।

(४) प्रथम पक्षले कार्यक्रमको सफलताको आधारमा फ्लोअप कार्यक्रम संचालन गरिनेछ ।

(४) दोश्रो पक्षले पेश गरेको स्वीकृत प्रस्ताव मुताविकको डिजाईन र लागत ईष्टिमेट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारीत समय भित्र सम्पन्न गर्नु पर्नेछ ।

(५) कार्यक्रम कार्यान्वयनका लगि आवश्क निर्माण सम्बन्धि डिजाईन, ईष्टीमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन प्रतिवेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

(६) दोश्रो पक्षले सुरुमा आफ्नो लगानीवाट कार्य सुरवात गरि सम्पन्न भएको कामको मान्यता प्राप्त प्राविधिकले तयार गरेको नियमानुसारको भ्याट विल, दाखिला प्रतिवेदन, रनिङ्ग विल, मेजरमेन्ट वुक,

कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिब ठहरे वढीमा दुई किस्तामा वा सम्पूर्ण कार्य सम्पन्न भएको अवस्थामा एकै किस्तामा समेत अनुदान रकमको भुक्तानी प्रथम पक्षले गर्नेछ ।

(७) प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिन सक्नेछ ।

(८) कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनको लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सवै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

(९) यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य विपद्हरुमा प्रथम पक्ष जिम्मेवार हुने छैन ।

(१०) प्रथम पक्षले आर्थिक वर्ष सम्पन्न भएको एक महिना भित्रमा लेखा परिक्षण गरी दोश्रो पक्षलाई एक प्रति बुझाउनु पर्नेछ ।

(११) दोश्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिको) कार्यक्रमको प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धि विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(१२) कार्यक्रम संचालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

(१३) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा यस कार्यविधि, प्रचलित कानून र दुवै पक्षको सहमति अनुसार हुनेछ ।

(१४) दोश्रो पक्षले सम्झौता बमोजिमको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

(१५) आवश्यकता अनुसार उल्लेखित शर्तहरुमा थपघट गर्न सकिनेछ ।

| | |
|---|---|
| प्रथम पक्ष | दोस्रो पक्ष |
| कार्यालयको तर्फबाट सहि गर्नेको | संस्थाको अध्यक्षको |
| नामः | नामः |
| पदः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | छाप |

अनुसूची–१०

## कार्यक्रम अनुगमन फारम

(१) साझेदारको नाम

(२) ठेगानः

(३) कार्यक्रम सञ्चालन भएको आ.व.

(४) अनुगमन मितिः

(५) सम्बन्धित कार्यालयबाट प्राप्त रकम रु.

(६) साझेदार संस्थाको लगानि रकम रु.

(७) हालसम्म सम्पादित कृयाकलापहरु

(८) कृयाकलापमा सम्लग्न कृषक संख्या

(९) साझेदार संग रहेका पशु संख्या

(१०) उत्पादन र बेचबिखन परिमाण

| दूध (दैनिक) | | फुल | | मासु (हाल सम्म) | |
|---|---|---|---|---|---|
| उत्पादन | बिक्रि | उत्पादन | बिक्रि | उत्पादन | बिक्रि |
| | | | | | |
| | | | | | |

(११) घाँस विकासको अवस्था

(१२) स्थान अनुसार गोठ/खोरको वनावट वैज्ञानिक भए/नभएको विवेचनाः

(१३) पालिएका पशुको नश्ल र शारिरक अवस्था

(१४) रेकर्ड अध्यावधिकको स्थिति

(१५) दिइएका सुझावः

निरीक्षण कर्ताको नामः
पदः
मितिः
सहीः

साझेदार नामः
पदः
मिति
सहीः

छापः

अनुसूची–

प्रगति विवरण फारम

कार्यक्रमको नामः

साझेदारको नामः

ठेगानाः

प्रगति विवरणको अवधिः मिति ............ देखि ............... सम्म

| सि. नं. | सम्पन्न क्रियाकलाप | इकाइ | परिमाण | बार्षिक लक्ष | हाल सम्मको प्रगति | कुन ठाँउँमा के गरियो भन्ने विवरण उल्लेख गर्ने | लाभान्वित कृषक परिवार संख्या | हाल सम्मको खर्च रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार गर्नेः

पेश गर्नेः